आकाशवाणी 27-03-26 Friday.

समचार तुलसा शर्माबाट सुन्नुहोस्।

मुख्य समाचार।

- विद्युत अभियान्त्रिकी सेवा तथा भारतीय आर्थिक सेवाका अधिकारीहरूले राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मू सँग गरे भेटवार्ता
- प्रधान मन्त्रीले राम नवमीको अवसरमा देशवासीहरूलाई शुभकामना दिँदै, त्याग, तपस्या र संयमले परिपूरण, मर्यादा पुरुषोत्तमको जीवनले हरेक परिस्थितिको पूरा शक्तिले सामना गर्ने प्रेरणा दिन्छ दिने बलाउनुभयो
- बालेन्द्र शाहले नेपालको प्रधानमन्त्रीका रूपमा पद तथा गोपनीयताको गर्नुभयो , शपथ ग्रहण , अनि
- सरकारले राज्यहरूका लागि वाणिज्यिक एल.पी.जी आवन्टनलाई बढ़ाएर सत्तरी प्रतिशत गर्ने लिएको छ निर्णय।

अब समाचार विस्तारमा ।

**राष्ट्रपति-अधिकारी**

राष्ट्रपति द्रौपदी मुर्मू सँग आज विद्युत अभियान्त्रिकी सेवा तथा भारतीय आर्थिक सेवाका अधिकारीहरूले राष्ट्रपति भवनमा भेट गरेका छन्।

अधिकारीहरूलाई सम्बोधन गर्दै राष्ट्रपति मुर्मूले उनीहरूले भारतको विकासमा अग्रणी भूमिका निर्वाह गरिरहेको बताउँदै उनका निर्णयहरूले बलियो र आत्मनिर्भर भारत निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले समावेशी तथा दिगो विकासलाई प्रोत्साहन गर्ने नीतिहरू निर्माण गर्न र सुधारहरू कार्यान्वयन गर्न अधिकारीहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुने उल्लेख गर्नुभयो। साथै, उहाँले अधिकारीहरूलाई समर्पण र उत्साहका साथ कार्य गर्न सुझाव दिनुभयो। सी.पी.ई.एस. अधिकारीहरूलाई सम्बोधन गर्दै राष्ट्रपति मुर्मूले विद्युत् औद्योगिक विकास, नवप्रवर्तन, जीवनस्तरमा सुधार तथा समग्र सामाजिक–आर्थिक प्रगतिका लागि प्रमुख प्रेरक शक्ति भएको बताउनुभयो।

**प्रधानमन्त्री-राम नवमी**

प्रधानमन्त्री नरेन्द्र मोदीले अयोध्या स्थित राम जन्मभूमि मन्दिरमा भगवान रामको पूजा-अर्चना गर्नुभयो र सूर्य तिलक समारोहमा भाग लिनुभयो । राम नवमीको अवसरमा देशवासीहरूलाई शुभकामना दिँदै श्री मोदीले सोशल मीडिया पोस्टमा भन्नुभयो, त्याग, तपस्या र संयमले परिपूर्ण मर्यादा पुरुषोत्तमको जीवनले हरेक परिस्थितिको पूरा शक्तिले सामना गर्ने प्रेरणा दिन्छ। उहाँले भन्नुभयो, भगवान रामको आदर्शले केवल भारतका

मानिसलाई मात्र नभएर समस्त मानवताको शाश्वत मार्गदर्शन गरिरहन्छ ।

प्रधानमन्त्रीले भोली उत्तर प्रदेशको जेवरमा नोएडा अन्तरराष्ट्रीय हवाई अड्डाको पहिलो चरणको उद्घाटन गर्नुहुनेछ। यस हवाई अड्डालाई लगभग एघाह्र हजार दुई सय करोड़ रूपियाँको लागतले विकसित गरिएकोछ।

**नेपाल – प्रधानमन्त्री**

बालेन्द्र शाहले आज नेपालको प्रधानमन्त्रीका रूपमा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ। उहाँलाई रामचन्द्र पौडेलले नेपालको संविधानको **धारा छ्यात्तर (एक)** बमोजिम शपथ गराउनुभएको हो।

पैतिस वर्षीय शाह नेपालका सबैभन्दा कम उमेरका प्रधानमन्त्री बन्नुभएको छ। हालै सम्पन्न संसदीय निर्वाचनमा बहुमत हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (आर.एस.पी.) ले उहाँलाई संसदीय दलको नेता चयन गरेको थियो। उहाँ नेपालका सैतालिसौं प्रधानमन्त्री बन्नुभएको छ। भ्रष्टाचार, नातावाद तथा सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोधमा युवाहरूले नेतृत्व गरेका आन्दोलन हिंसात्मक बनेपछि ओली नेतृत्वको सरकार विस्थापित भएको थियो।

**सरकार एलपीजी आवंटन**

सरकारले राज्यहरूका लागि वाणिज्यिक एल.पी.जी आवन्टनलाई बढ़ाएर सत्तरी प्रतिशत गर्ने निर्णय लिएको छ । यसमा बिस प्रतिशत आवन्टन इस्पात, अटोमोबाइल, कपड़ा र अन्य श्रम प्रधान उद्योगहरूलाई दिइनेछ । सोशल मीडिया पोस्टमा यसको घोषणा गर्दै पेट्रोलियम र प्राकृतिक गैस मन्त्री हरदीप सिंह पुरीले भन्नुभयो, यसको उद्देश्य वाणिज्यिक एल.पी.जी को आपूर्तिलाई सुगम बनाउनु हो । उहाँले भन्नुभयो, ती उद्योगीहरूलाई प्राथमिकता दिइनेछ जहाँ पाइपलाइन गर्यासको विकल्प छैन । श्री पुरीले भन्नुभयो , जहाँ विश्वका अन्य देश चार दिनको कार्य सप्ताह, स्कूल र कार्यालय बन्द गर्ने र
इन्धनको मूल्यमा बिस देखी तिस प्रतिशतको वृद्धि जस्तो कड़ा
इन्धन संरक्षण उपाय गरिरहेकोछ भने , भारत ऊर्जा सुरक्षा, उपलब्धता र सामर्थ्यको एउटा उत्कृष्ट उदाहरण बनेकोछ ।

समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।

**25 रिजिजू-उत्पाद शुल्क**

भारतका संसदीय कार्यमन्त्री किरण रिजिजूले प्रधानमन्त्री नरेन्द्र मोदीको प्रमुख चिन्ता आम नागरिकहरूले दैनिक जीवनमा कुनै कठिनाइ भोग्न नपरोस् भन्ने रहेको बताउनुभएको छ।
संसद् परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री रिजिजूले पेट्रोल र डिजेलमा उत्पादन शुल्क घटाउने निर्णयलाई अभूतपूर्व कदमको रूपमा उल्लेख गर्नुभयो।
उहाँले भन्नुभयो, जनप्रतिनिधिका रूपमा सांसदहरूले पनि यस कदमको स्वागत गर्दै प्रधानमन्त्रीप्रति आभार व्यक्त गर्ने अपेक्षा गरिन्छ।

**सैंतीस । जयशंकर – पश्चिम एशिया**

पश्चिम एशियामा जारी द्वन्द्वका बीच ऊर्जा, कृषि, धातु तथा कच्चा पदार्थजस्ता अत्यावश्यक वस्तुहरूको मूल्यवृद्धि र आपूर्ति संकटबाट एक अर्ब चालीस करोड भारतीय नागरिकलाई जोगाउन गरिएको पहलप्रति भारतका विदेशमन्त्री एस. जयशंकरले प्रधानमन्त्री नरेन्द्र मोदीका महत्वपूर्ण र द्रुत निर्णयहरूको सराहना गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले घरेलु उपभोगका लागि पेट्रोल र डिजेलमा केन्द्रीय उत्पादन शुल्क प्रति लिटर दस रुपियाँले घटाइएकोले उपभोक्तालाई राहत पुग्ने बताउनुभयो। त्यसैगरी, डिजेलमा प्रति लिटर एक्काइस रुपैयाँ पचास पैसा तथा विमान **इन्धन**मा प्रति लिटर उन्तीस रुपीयाँ पचास पैसा निर्यात शुल्क लगाइएकाले आन्तरिक बजारमा पर्याप्त आपूर्ति सुनिश्चित हुने उहाँले उल्लेख गर्नुभयो।

**लोकसभा - जन विश्वास विधेयक**

लोकसभामा आज वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले जन विश्वास–प्रावधान संशोधन विधेयक, दुई हजार छब्बीस  प्रस्तुत गर्नुभयो। यो विधेयक विभिन्न अधिनियमहरूमा

संशोधन गरी केही अपराधहरूलाई निर्दिष्ट श्रेणीबाट हटाउने तथा तिनलाई तर्कसंगत बनाउने उद्देश्यले ल्याइएको हो। यसले जीवन तथा व्यापारमा सहजता ल्याउँदै विश्वासमा आधारित शासनलाई अझ सुदृढ बनाउने लक्ष्य राखेको छ।

**रक्षा मन्त्री राजनाथ सिंह**

रक्षा मन्त्री राजनाथ सिंहले पश्चिम एशियामा उत्पन्न संकटका कारण अन्तर्राष्ट्रिय कच्चा तेलको मूल्य वृद्धि भइरहेका बेला पेट्रोल र डिजेलमा उत्पाद शुल्क घटाउने सरकारको समयोचित तथा निर्णायक कदमको सराहना गर्नुभएको छ। सामाजिक सञ्जालमा गरिएको पोस्टमा उहाँले यस निर्णयले सर्वसाधारण नागरिकलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, यस्तो अवस्थामा, जब धेरै देशहरू इन्धनको मूल्य बढाउन बाध्य भइरहेका छन्, भारत सरकारको यो कदम सक्रिय सोच र जनकल्याण प्रतिको दृढ प्रतिबद्धताको प्रतीक हो।

**मौसम**

मौसम विभागले आज पश्चिम बंगालका गङ्गेय क्षेत्र, असम, मेघालय र सिक्किममा मुसलधारे वर्षाको सम्भावना व्यक्त गरेको छ। त्यसैगरी बिहार, झारखण्ड, ओडिशा, तेलंगाना र उत्तराखण्ड मा भोलिसम्म चट्याङसहित हावाहुरी चल्ने अनुमान गरिएको छ। आन्ध्र प्रदेश, छत्तीसगढ़, राजस्थानको पूर्वी भाग, उत्तर प्रदेश को पूर्वी क्षेत्र, कर्नाटकको आन्तरिक भाग, मध्य प्रदेश तथा विदर्भमा पनि यस्तै मौसम रहने जनाइएको छ।

**आन्ध्र प्रदेश, छत्तीसगढ़, राजस्थान को पूर्वी भाग, उत्तर प्रदेश को पूर्वी क्षेत्र, कर्नाटक को आन्तरिक भाग, मध्य प्रदेश तथा विदर्भ मा पनि यस्तै मौसम रहने जनाइएको छ।**

अनत्यमा मुख्य समाचार फेरि एक पल्ट

- विद्युत अभियान्त्रिकी सेवा तथा भारतीय आर्थिक सेवाका अधिकारीहरूले राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मू सँग गरे भेटवार्ता
- प्रधान मन्त्रीले राम नवमीको अवसरमा देशवासीहरूलाई शुभकामना दिँदै, त्याग, तपस्या र संयमले परिपूर्ण, मर्यादा पुरुषोत्तमको जीवनले हरेक परिस्थितिको पूरा

शक्तिले सामना गर्ने प्रेरणा दिन्छ दिने बलाउनुभयो
- बालेन्द्र शाहले नेपालको प्रधानमन्त्रीका रूपमा पद तथा गोपनीयताको गर्नुभयो , शपथ ग्रहण , अनि
- सरकारले राज्यहरूका लागि वाणिज्यिक एल.पी.जी आवन्टनलाई बढ़ाएर सत्तरी प्रतिशत गर्ने लिएको छ निर्णय।

आकाशवाणीबाट सुन्दैहुनुहुनथ्यो समाचार पूरा भयो।

Closing